कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ५ नं.प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कोहलपुर नगरपालिका उप-प्रमुख श्री सन्जु कुमारी चौधरीलाई मित्रराष्ट्र मलेसियामा हुने एशिया प्रशान्त क्षेत्रका एकिकृत समाज र स्थानीय सरकार विषयक विश्व ग्रामिण सम्मेलनमा भाग लिनका लागि छनौट हुनुभएकोमा कार्यपालिकाबाट सो भ्रमणलाई समर्थन गर्दै उप-प्रमुखको प्रवेशाज्ञा लगायतको खर्च यस नगरपालिकाले बहन गर्ने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा कोहलपुर नगरपालिका कोहलपुर नगरपालिकाका निर्वाचित जनप्रतिनिधीहरु नगरपालिकाको सरकारी कामका लागि जिल्ला वाहिर काजमा खटिई जाँदाको अवस्थामा भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक भत्ता तथा भ्रमण खर्च रकम भुक्तानी गर्दा उक्त नियमावलीमा स्पष्ट नभएका केही कुराहरु अर्को व्यवस्था नभए सम्मका लागि निम्न अनुसार हुने गरी निर्णय गर्ने ।

| क | **भ्रमण आदेश स्वीकृत गर्ने अधिकारी** | | | |
|---|---|---|---|---|
| | **भ्रमणमा खटिने पदाधिकारी** | | **भ्रमण आदेश स्वीकृत गर्ने अधिकारी** | |
| | वडा सदस्य | | वडा अध्यक्षको सिफारिसमा नगर प्रमुखबाट | |
| | वडा अध्यक्ष | | नगर प्रमुख | |
| | कार्यपालिका सदस्य | | नगर प्रमुख | |
| | नगर उपप्रमुख | | नगर प्रमुख | |
| | नगर प्रमुख | | नगर प्रमुख | |
| **ख** | **भ्रमण खर्च पाउने पदाधिकारीको विवरण** | | | |
| | **पदाधिकारी** | | **वर्ग** | |
| | वडा सदस्य | | तृतीय तह | |
| | वडा अध्यक्ष | | द्धितिय तह | |
| | कार्यपालिका सदस्य सदस्य | | द्धितिय तह | |
| | नगर उपप्रमुख | | द्धितिय तह | |
| | नगर प्रमुख | | द्धितिय तह | |
| **ग** | अन्य कुराहरु तथा दैनिक भत्ता तथा भ्रमण खर्च रकम भ्रमण खर्च नियमावली, २०६४ अनुसार नै हुने । यस अनुसारको हाल सम्म भएका खर्चहरु समेत अनुमोदन गर्ने । | | | |

**निर्णय नं. ३**

कोहलपुर नगरपालिकाको सरकारी कामकाज सम्पादन गर्ने क्रममा कार्यालय समय तथा सो भन्दा अघि पछि समेत जिम्मेवार अधिकृत कर्मचारीहरुबाट निम्न अनुसारका सरकारी नं. का मोबाइल फोनबाट समेत टेलिफोन गर्नु पर्ने भएकोले निम्न अनुसारका नगरपालिकाका नाममा रहेका मोबाइल नं.हरुमा नेपाल टेलिकमको बिलको आधारमा रकम भुक्तानी दिने निर्णय गर्ने तथा हाल सम्म भएका यस्ता खर्चहरु अनुमोदन गर्ने ।

| मोबाइल नं. | प्रयोग गर्ने पदाधिकारी | मासिक खर्च रु. | कैफियत |
|---|---|---|---|
| ९८५८०४०३१८ | प्रमुख प्रशासकीय अधिकृत | १०००। | |
| ९८५८०६७१११ | प्रमुख प्रशासकीय अधिकृत | १५००। | मन्त्रालयबाट प्राप्त सिम |
| ९८५८०४२२९० | सूचना अधिकारी | १०००। | |
| ९८५८०३३५६० | प्रशासकीय अधिकृत | १०००। | |

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. ४**

कोहलपुर नगरपालिकाको सरकारी कामकाजको सिलसिलामा कार्यालय समयमा तथा बिहान बेलुका तथा बिदाका दिनमा समेत कर्मचारीहरुले मोटरसाइकल प्रयोग गरी फिल्डमा खटिनु पर्ने वा कामको सिलसिलामा बाहिर जानुपर्ने र यस्तो कार्यका लागि इन्धन खर्च हुने भएकोले कर्मचारीहरुले सरकारी कामकाजका लागि कार्यालयको सरकारी मोटरसाइकल वा कार्यालयमा सरकारी मोटरसाइकल उपलब्ध नभएको अवस्थामा आफ्ना निजी मोटर साइकल प्रयोग गर्दा समेत निम्न अनुसार खर्चका बिल तथा प्रमाणित लगबुकका आधारमा रकम भुक्तानी दिने तथा हाल सम्म भएको त्यस्तो खर्च समेत अनुमोदन गर्ने ।

| काममा खटिने कर्मचारी वा पदाधिकारी | पेट्रोल लि. मासिक | कैफियत |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | १५ लि. | |
| शाखा प्रमुखहरु/विषयगत शाखा प्रमुखहरु | १५ लि. | |
| वडा सचिवहरु | १० लि. | |
| शाखा/विषयगत शाखामा कार्यरत फिल्डमा खटिने अन्य प्राविधिक कर्मचारीहरु | १० लि. | |
| शाखा/विषयगत शाखाको कामको लागि | १० लि. | |
| चिठिपत्र बुझाउने लगायतका काम गर्ने कर्मचारीहरु र कार्यालय सहयोगीहरु | ५ लि. | |
| तर कामको प्रकृति अनुसार विशेष परिस्थितिमा औचित्यका आधारमा प्रमुख प्रशासकीय अधिकृतले तोकिएको परिमाण भन्दा बढी पनि भुक्तानीका लागि आदेश दिन सक्ने | | |

**निर्णय नं. ५**

कोहलपुर नगरपालिका नगर स्तरीय परिक्षा संचालन तथा सम्मन्वय समिति तपसिल बमोजिम गठन गर्ने भनि निर्णय गरियो ।

तपसिल :-

१. नगर प्रमुख - अध्यक्ष

२.सामाजिक विकास समितिको संयोजक - सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. इलाका प्रशासन कार्यालय प्रमुख - सदस्य

५. इलाका प्रहरी कार्यालय प्रमुख - सदस्य

६. स्थानीय स्तरको सशस्त्र प्रहरी प्रमुख - सदस्य

७. सामुदायिक विद्यालयहरुको प्र.अ. मध्ये एक जना -सदस्य

८. संस्थापक विद्यालयहरुको संचालक मध्ये एक जना - सदस्य

९. नगर शिक्षा अधिकृत - सदस्य -सचिव

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. ६**

कोहलपुर नगरपालिका भित्र संचालन भएका व्यापार व्यवसायहरुको दर्ता, नविकरण र व्यवसाय कर असुली कार्यलाई तत्काल संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगर क्षेत्रका पुराना घरहरुको नक्सा पासको म्याद २०७५ आषाढ मसान्त सम्म दिने र प्रचार प्रसार अभियान संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस नगरपालिकाले पहिचान गरेका सार्वजनिक जग्गाको संरक्षणको लागि अति आवश्यक ठाँउमा तारवार लगाउने र अन्य ठाँउमा हाल बजेटको कमी भएको हुँदा नगरपालिकाको बोर्ड राखेर जग्गा संरक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

सार्वजनिक जग्गा अनुगमन तथा संरक्षण समितिमा खटिएका कार्यपालिकाका सदस्य र कर्मचारीहरुलाई प्रचलित कानुन बमोजिम दैनिक भ्रमण खर्च दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस कोहलपुर नगरपालिकामा सवारीसाधनहरु बढेको र हलुका तथा हेभी सवारी चालक २ जना र १ जना फायरमेनको आवश्यकता परेको हुनाले तत्काल विज्ञापन प्रकाशन गरी तपसिल बमोजिमको पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

१. प्रमुख प्रशासकीय अधिकृत

२. ट्राफिक कार्यालय प्रतिनिधि

३. यातायात व्यवस्था कार्यालय प्रतिनिधि

४. कार्यपालिकाको सदस्य कल्पना शर्मा

५. प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी

**निर्णय नं. ११**

यस नगरपालिकाबाट संचालन हुने पाँच लाख भन्दा कम लागत अनुमान भएका योजना तथा कार्यक्रमहरुको अन्तिम भुक्तानी वडा समितिले अनुगमन गरी दिने भनि निर्णय गरियो ।

**निर्णय नं. १२**

कोहलपुर चौराहामा रहेका पसल तथा छाप्राहरु हटाउने सम्बन्धमा विभिन्न सरोकारवालाहरु संग छलफल गरी हटाउने निर्णय भएकोमा उक्त कार्यलाई यस बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस नगरपालिकामा एकीकृत सम्पत्तीकर लागु गर्न तपसिल बमोजिमको एकीकृत सम्पत्तीकर मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं.प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**तपसिल :-**

१. नगर प्रमुख - संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
२. मालपोत कार्यालयको प्रमुख वा निजले तोकेको कर्मचारी - सदस्य
३. नगरपालिकाको इन्जिनियर - सदस्य
४. नापी कार्यालयको प्रमुख वा निजले तोकेको कर्मचारी - सदस्य
५. नगरपालिकाको राजश्व शाखा प्रमुख - सदस्य सचिव

**निर्णय नं. १४**

यस नगरपालिका क्षेत्र भित्र संचालन हुने कक्षा ८ को संस्थागत विद्यालयहरुको परिक्षा दस्तुर रु.४५०। तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस नगरपालिकाको आन्तरिक आम्दानी अपेक्षित रुपमा हुन नसकेकोले आन्तरिक आम्दानीबाट संचालन हुने योजनाहरुको सम्झौता कार्य रोक्ने निर्णय गरियो साथै वडा नं. १५ को सडक कालोपत्रे योजना आन्तरिक आम्दानीबाट संचालन हुने र सम्झौता प्रक्रियामा आइसकेको हुँदा उक्त योजनालाई पहिलो प्राथमिकर्ता दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस नगरपालिकाको प्रथम नगरसभाबाट तटबन्धनको लागि विनियोजन गरेको बजेटबाट तपसिलका योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

| वडा नं. | ठाँउको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| ७ | जमुनी | रु.२४,४०,०००। | |
| ८ | सामुदायिक भवन अगाडी | रु.२३,४०,०००। | |
| १० | सिमलको रुख (माटो उठाएको ठाँउ | रु.२३,४०,०००। | |
| १२ | बाँसको बुटा नजिक (मसुरी खेत) | रु.२२,४०,०००। | |
| १३ | रानीघाट (चिन्तामणि परियारको घर नजिक) | रु.२१,४०,०००। | |
| | कुल जम्मा | रु.१,१५,०००००। | |

**निर्णय नं. १६**

यस नगरपालिकाको गतिविधि तथा प्रदान गरिने सेवा सुविधा प्रसारणको लागि रेडियो प्रतिबोध र कोहलपुर एफ.एम.ले पेश गरेको प्रस्तावना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

०६७१०।१६

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

अग्नि पिडित तथा बाढी पिडित राहत पाउन छुट भएका व्यक्ति तथा घर परिवारलाई औचित्यताको आधारमा राहत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८**

वातावरण तथा फोहरमैला व्यवस्थापन समिति तर्फ पन्ध्र हजार लिटर अण्डरग्राउण्ड सेफ्टी ट्याङ्की निर्माणको लागि बजेट विनियोजन भएको सन्दर्भमा उक्त योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

सार्वजनिक जग्गा संरक्षण तथा अनुगमन समितिले दिएको प्रतिवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई कार्यपालिकाको रायसहित प्रतिवेदन पेश गर्ने भनि निर्णय गरियो ।

**निर्णय नं. २०**

यस नगरपालिकाको न्यायिक समितिको सम्बन्धमा तपसिल बमोजिमको निर्णय गरियो ।

क) न्याय समितीको भत्ता मासिक तीनवटा बैठकको दिने निर्णय गरियो ।

ख) फिराद पत्र दर्ता दस्तुर रु.१०५।

ग) प्रति उत्तर दस्तुर रु.१००।

घ) प्रतिलिपि प्रति पृष्ठ रु.१०।

**निर्णय नं. २१**

कोहलपुर नगरपालिकामा कानुन सम्मत गठन भएका समितिहरुलाई महिनाको एक पटक बैठक भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

यस बैठकबाट तपसिल बमोजिमका व्यक्ति तथा संस्थालाई निम्न अनुसारको आर्थिक सहयोग दिने निर्णय गरियो ।

तपसिल :-

क) नवौं राष्ट्रिय बहिरा क्रिकेट प्रतियोगिता रु.४५,०००।

ख) वडा नं. १ शशिला सुनार (क्यान्सर रोग पिडित) रु.१५०००।

ग) वडा नं. १५ नकुल बाँठा (मुटु रोग) रु.१०,०००।

**निर्णय नं. २३**

यस नगरपालिकामा रहेका शाखाहरु र अर्न्तगतका विषयगत कार्यालयहरुले प्रथम चौमासिकमा गरेका कामहरुको समिक्षा गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)